जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५९ पृष्ठः ४ | २०८३ असार ०८ सोमबार (Monday 22 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रहरीमाथि आक्रमणपछि गोली चल्यो, दुई भारतीय लागुऔषध कारोबारी पक्राउ




सिरहा, ७ असार। सिरहा प्रहरीले गोली प्रहार गरेर आइतबार दुई जना भारतीय लागुऔषध कारोबारीलाई पक्राउ गरेको छ। उनीहरूलाई नियन्त्रणमा लिने क्रममा आइतबार प्रहरीले चलाएको गोली लागेर एक जना लागुऔषध कारोबारी घाइते भएका छन्। प्रहरीको गोली लागि लागुऔषध कारोबारी भारत विहारको मधुवनी जिल्ला पौदमहा ग्रामपञ्चायत २ जोगियाका छोटु भन्ने रञ्जित कुमार पासवान र अर्का १६ वर्षीय किशोरलाई पक्राउ गरेको हो। पासवान घाइते भएका छन्।

उनीहरूको साथबाट प्लास्टिकसहित १०१ ग्राम ६ मिलग्राम प्रतिबन्धित लागु पदार्थ ब्राउनसुगरसमेत बरामद गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठकले जानकारी दिए। भारतीय सीमा नजिक सिरहा नगरापालिका २१ लगडीगोठमा लागुऔषध कारोबार भइरहेको भन्ने जानकारी पाएपछि पुगेका प्रहरीमाथि उनीहरुले ढुङ्गामुढा गरेका थिए। चार–पाँच जनाको समूहमा रहेका उनीहरुले तीन चार जना मात्र प्रहरी देखेपछि ढुङ्गामुढा गरेको प्रमुख एसपी पाठकले जानकारी दिए।

एसपी पाठकले भने, 'प्रहरी थोरै देखेपछि उनीहरुले अट्याक गरे, प्रहरीले अवस्था नियन्त्रणमा लिन हवाई फायर गरेपछि उनीहरू भाग्न खोजे।'

प्रहरीले नियन्त्रणमा लिन घडामुनि गोली प्रहार गरेको हो। गोली लागेका पासवानको उपचार भइरहेको छ। सोही क्रममा प्रहरी जवान हृदयनारायण ठाकुर घाइते भएका छन्। उनको पनि उपचार भइरहेको छ।

पासवानले अहिलेसम्म नेपालमा १० देखि १२ केजी ब्राउनसुगर सप्लाई(निर्यात) गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जानकारी दिएको छ।

## संविधान अपुरो र त्रुटिपूर्ण छ, सच्याउने जिम्मेवारी रास्वपाको काँधमा : उपेन्द्र यादव

काठमाडौं, ७ असार। जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधानमा रहेका त्रुटी, विरोधाभास र अपूर्णताहरू सच्याउँदै संशोधनमार्फत थप समावेशी, न्यायपूर्ण र समृद्ध बनाउने जिम्मेवारी रास्वपामाथि आएको बताएका छन्। चितवनको भरतपुरमा जारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्। अध्यक्ष यादवले मुलुक अझै पनि सुशासन, समृद्धि, सामाजिक न्याय र वास्तविक समानताको खोजीमा रहेको बताए।

उनले संविधानले संघीयता, गणतन्त्र, समावेशिता र धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत गरे पनि ती विषयहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको टिप्पणी गरे। उनले संविधानभित्रै विरोधाभास र अपूर्णता रहेको उल्लेख गर्दै विभेदमा परेका समुदाय, जातजाति र सांस्कृतिक समूहहरूको अधिकार सुनिश्चित गर्न संविधान परिमार्जन अपरिहार्य रहेको बताए।

उनले संविधान संशोधनमार्फत विद्यमान विकृति र विसंगतिहरू हटाई देशको राजनीतिक तथा सामाजिक रूपान्तरणलाई नयाँ उचाइमा पुर्याउनुपर्ने आवश्यकता औंल्याउँदै समावेशी लोकतन्त्रको सुदृढीकरणमा रास्वपाले अग्रसरता लिनुपर्नेमा जोड दिए। उनले भने, 'संविधान त्रुटिपूर्ण, अधुरो र अपुरो रहेको छ। आफैंभित्र विरोधाभास रहेको छ। निश्चित रुपमा यसमा केही महत्वपूर्ण आयामहरु पनि छन्। संघीयता, गणतन्त्र, समावेशिता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण पक्षहरु भएपनि ती धेरै कुराहरु अपुरा र अपूर्ण रुपमा रहेका छन्। र अहिलेको

**–बाँकी दुई पेजमा**

## क्षतिपूर्तिको माग राखेर सिरहामा पूर्वपश्चिम राजमार्ग अवरुद्ध



सिरहा, ७ असार। सिरहाको धनगढीमाई नगरपालिकामा सवारी दुर्घटनामा गम्भीर घाइते भएका एक रिक्सा चालकको उपचारका क्रममा मृत्यु भएपछि आक्रोशित स्थानीयले शवसहित पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका छन्। धनगढीमाई नगरपालिका–१० का ४५ वर्षीय कृष्णकुमार महतोको उपचारका क्रममा शनिबार मृत्यु भएपछि उनका आफन्त तथा स्थानीयवासीले आइतबार धनगढीमाई बजार क्षेत्रमा शव बोकेको एम्बुलेन्स सडकमा तेर्स्याएर पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका हुन्।

स्थानीयका अनुसार महतो सिटी रिक्सा चलाएर जीविकोपार्जन गर्दै आएका थिए। शुक्रबार साँझ उनी रिक्सा रोकेर दही किन्न सडक पार गर्ने क्रममा तीव्र गतिमा आएको मोटरसाइकलले ठक्कर दिएको थियो। दुर्घटनामा गम्भीर घाइते भएका उनलाई स्थानीय स्तरमा उपचार सम्भव नभएपछि विराटनगरस्थित नोबेल अस्पताल लगिएको थियो। उपचारकै क्रममा शनिबार चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

ठक्कर दिने मोटरसाइकल चालक घटनापछि फरार रहेको र हालसम्म पक्राउ नपरेको भन्दै स्थानीयले दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा न्याय सुनिश्चित गर्न माग गरेका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त प्रवक्ता एवं प्रहरी निरीक्षक नरेश लिम्बुले अवरुद्ध राजमार्ग

**–बाँकी दुई पेजमा**




**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाच्छ्यूँ गर्दा मुख–नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

**स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं**
**चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सरकार र अख्तियारको साखमा गम्भीर संकट

अख्तियार दुरुपयोग अनुसन्धान आयोग संवैधानिक निकाय हो। भ्रष्टाचार र अनियमितता मूलतः कार्यपालिकाका निर्णयहरूबाट हुने भएकाले त्यसको स्वतन्त्र छानबिन गर्न सक्षम निकायका रूपमा अख्तियारको परिकल्पना गरिएको देखिन्छ। प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्को सिफारिसमा संसदीय अनुमोदनपछि अख्तियारका पदाधिकारी राष्ट्रपतिद्वारा नियुक्त गरिने संवैधानिक व्यवस्था छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि अरू संवैधानिक निकायहरूजस्तै विवादमा भने परिरह्यो। कहिले अख्तियारको निर्णय राजनीतिक प्रतिशोधका रूपमा देखियो भने कहिले अख्तियारका प्रमुख आयुक्तले समानान्तर राज्य सञ्चालन गरेको भन्दै महाभियोगको प्रस्ताव दर्ता गरियो। तै पनि यसपटक जस्तो सरकारले प्रत्यक्ष हस्तक्षेप गरेको घटना सार्वजनिक भएको थिएन। विभिन्न सञ्चार माध्यममा सार्वजनिक भएका समाचार र प्रतिनिधि सभामा उठाइएको प्रश्नसमेतमा प्रधानमन्त्रीको कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई बोलाएर प्रधानमन्त्रीका सल्लाहकारलगायतको दबाबमा राहदानी खरिदसम्बन्धी विषयमा पक्राउ पुर्जी जारी गर्न बाध्य पारिएको भन्ने छ। समाचार चर्चा भएजस्तै हो भने यो गम्भीर र आपत्तिजनक तथा असंवैधानिक क्रियाकलाप हो।

अख्तियारका पदाधिकारीलाई यसरी दबाब दिएर कुनै निर्णय गर्न बाध्य पारिएको हो भने त्यसरी आफ्नो स्वाभिमान, अधिकार क्षेत्र र संस्थाको साखमै अतिक्रमण भएपछि पदबाट राजीनामा गरेर भए पनि त्यसको प्रतिवाद गर्नुपर्थ्यो। अख्तियारका बहालवाला पदाधिकारीले यसरी पद जोगाउन सम्झौता गर्नु पनि हुँदैन थियो। यसबाट पदाधिकारीको मात्र होइन अख्तियारको समेत औचित्य र साखमा पनि प्रश्न उठेको देखिन्छ।

स्वतन्त्र संवैधानिक निकायका पदाधिकारीलाई प्रधानमन्त्रीको कार्यालयमा बोलाएर दबाब दिनु नेपालको संविधानको भावना, मर्म र सुशासनका सिद्धान्तको प्रत्यक्ष उल्लंघन हो। अख्तियारका पदाधिकारी आफ्नो कर्तव्य पालनमा चुकेका हुन् भने उनीहरूलाई प्रतिनिधि सभाबाट महाभियोग प्रस्ताव पारित गरेर हटाउन सकिन्छ। कार्यपालिकाले दबाब दिएर निर्णय गराउने हो भने अख्तियारलाई संवैधानिक निकाय बनाउनुको औचित्य समाप्त हुनेछ। विधिको शासनमा कार्यपालिकाले पनि संवैधानिक बाटोबाट दायाँबायाँ गर्न मिल्दैन।

संवैधानिक निकायमाथि सरकारले यसरी नै दबाब दिन थाल्ने हो भने भोलि लोकसेवा आयोग वा न्यायपालिका पनि अछुतो रहनेछैन। राज्य सञ्चालनका लागि निर्माण गरिएका संस्थाहरू भताभुङ्ग बनाएर वा तिनको साख गिराएर सुशासनको कल्पनासम्म पनि सकिँदैन। यस्तो हस्तक्षेपले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका साथै सरकार र भ्रष्टाचारका विषयमा भएको वा हुने अनुसन्धानको समेत साख समाप्त हुन्छ।

यथास्थितिमा अब सायद सच्याउने ठाउँ पनि छैन। अख्तियारले मुद्दा चलाउन गरेको निर्णय फिर्ता लिए त्यसको साख थप गिर्छ। सरकारले अब हस्तक्षेप नगर्ने प्रतिबद्धता देखाए पनि गरेको गल्ती नसुधारेसम्म उसको साख फर्कनेछैन।

यथास्थितिमा सायद अब गल्ती सच्याउने ठाउँ निकै साँघुरो छ। यसैले, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको साख जोगाउने हो भने पदाधिकारीहरूले कि त दबाब दिने शक्तिका विरुद्ध कानुनी कदम चाल्ने हिम्मत गर्नुपर्छ नभए पदबाट राजीनामा गरी संस्थाको गरिमा उच्च राख्नुपर्छ। यो विषयलाई यसै गिचोलेर छाड्ने हो भने भविष्यमा यसले गम्भीर संवैधानिक संकट निम्त्याउने निश्चित छ। यी दुवै विकल्प अनाउन नसके प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समिति वा यसका लागि संसदीय समिति गठन गरी छानबिन गराएर दोषीमाथि कारबाही गर्ने उपायले केही क्षति रोक्न सक्छ। अरू केही नहुने हो भने अख्तियारका पदाधिकारीहरूले पत्रकार सम्मेलनमार्फत नागरिकसामु सत्यतथ्य स्पष्ट पारे पनि अन्योल केही हट्नेछ।

### अन्तरराष्ट्रिय योग दिवस सन्दर्भः

# आरोग्य पर्यटन पर्यटनमा योग

**विनोद घिमिरे**

आधुनिक चिकित्सा पद्धतिले शारीरिक रोगहरूको निराकरणमा अतुलनीय प्रगति हासिल गरे तापनि आन्तरिक बेचैनी, खराब आचरणबाट सृजित समस्याहरू र आत्मिक शून्यताको पूर्ण समाधान ठम्याउन सकेको देखिँदैन।

यही धरातलमा टेकेर हाल विश्व परिवेशमा आरोग्य पर्यटनको दायरा निकै द्रुत गतिमा फैलिँदै गइरहेको अवस्था छ। आधुनिक जीवनसँगै धेरै मान्छेहरूको जीवनशैली परिवर्तन भएको छ। जसका कारणले मान्छेहरूमा धेरै रोगहरू उत्पन्न भएका छन्। सँगसँगै जीवनको गुणस्तर नै कम भएको अवस्था छ। यसरी आकुलव्याकुल भएर मान्छेहरू अब यात्राका लागि नै आरोग्यता रोज्ने परिस्थिति बनेको छ। मानिसहरू धेरै कारणले यात्रा गर्ने गर्छन्। कोही सौन्दर्यका लागि यात्रा गर्छन् कोही ट्रेकिङका लागि यात्रा गर्छन् कोही खेलकुदका लागि यात्रा गर्छन्। भने कोही चाहिँ आफ्नो स्वास्थ्यलाई राम्रो बनाउन र रोगहरू कम गर्नका लागि पनि यात्रा गर्छन्। स्वास्थ्यका लागि गरिने यात्रालाई आरोग्य पर्यटन भनिन्छ। आरोग्य पर्यटनले रोगको उपचार मात्र नभएर व्यक्तिको स्वास्थ्य रक्षा गर्न जीवनशैली सुधार गर्न र जीवनको गुणस्तर वृद्धि गर्नलाई सहयोग गरिरहेको हुन्छ। ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार, आरोग्य पर्यटन भनेको आफ्नो व्यक्तिगत कल्याण र स्वास्थ्यलाई कायम राख्न वा बढावा दिन गरिने यात्रा हो। यो भनेको शारीरिक मानसिक भावनात्मक तथा आध्यात्मिक हिसाबले स्वास्थ्यको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले गरिने यात्रा हो। आरोग्य पर्यटनअन्तर्गत योग ध्यान आयुर्वेद प्राकृतिक चिकित्सा स्वस्थ आहार, स्पा डिटक्सजस्ता गतिविधिहरू पर्दछन्।

पछिल्लो समय आरोग्य पर्यटन निकै विस्तार भएको छ। २०३० सम्म यसले विश्व पर्यटनको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्ने आकलन गरिएको छ। आरोग्य पर्यटन भनेको स्वास्थ्य पर्यटनकै एउटा अंश पनि हो। आरोग्य पर्यटनको बजार तथ्याङ्क हेर्दा, आरोग्य पर्यटनमा नेपाल १४३ देशमध्ये ९१औँ स्थानमा रहेको छ।

नेपालको आरोग्य पर्यटन अर्थतन्त्र करिब २.०२ अर्ब अमेरिकी डलर बराबर छ। आरोग्य पर्यटकले अन्य पर्यटकको तुलनामा ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने अध्ययनले देखाएको छ। आरोग्य पर्यटनमा योगको निकै ठूलो भूमिका छ। योगले व्यक्तिलाई स्वस्थ रहन र रोग भइसकेको अवस्थामा त्यसको व्यवस्थापन गर्न सहयोग गर्छ त्यसैले आजकाल आरोग्यका लागि यात्रा गर्ने क्रममा योग एउटा अभिन्न अंश पनि बनेको छ। योगले आरोग्य पर्यटनमा निम्न कुराहरूमा सहयोग गर्न सक्छः

**१. मानसिक आरोग्यता र तनावबाट मुक्ति**

विश्व स्वास्थ्य सङ्गठनका अनुसार अहिले तनाव एक महामारीको रुपमा रहेको छ। योसँगै हरेक व्यक्तिमा तनाव एन्जाइटी डिप्रेसनजस्ता मानसिक समस्याहरू देखिँदै आएका छन्। फलस्वरूप धेरै आरोग्य पर्यटनमा तनाव व्यवस्थापन र मानसिक आरोग्यता महत्त्वपूर्ण विषय बनेको छ। योगले मानसिक तनाव कम गर्दै चिन्ता रोग डिप्रेसनजस्ता रोगहरूलाई पनि कम गर्न सहयोग गर्छ भन्ने विभिन्न अनुसन्धानहरू छन्। रोगले खुसी हर्मोन बढाउने तथा तनाव हर्मोनलाई कम गर्ने गरी यस्ता अवस्थाहरूमा फाइदा पुऱ्याउने प्रशस्त अध्ययनहरू भएका छन्। यसैलाई आत्मसाथ गरेर धेरै ठाउँमा योगका रिटिटहरू पनि सञ्चालन भएका छन् जसले मानसिक आरोग्यता र तनावको मुक्तिका लागि विशेष कार्य गर्दछन्।

**२. जीवनशैली रूपान्तरण**

पछिल्लो समय जीवनशैली जन्य विभिन्न रोगहरू उत्पन्न भएका छन्। जीवनशैलीजन्य रोगहरूमा मधुमेह, उच्च रक्तचाप, मोटोपन, शरीरका विभिन्न दुखाइहरू, डिप्रेसन, एन्जाइटी, पेटका रोगहरू आदि पर्दछन्। यी रोगहरूको प्रमुख कारण हेर्दा जीवनशैली नराम्रो हुनु नै प्रमुखका अवस्था छ। यसका लागि मान्छेहरूलाई जीवनशैली परिवर्तन गर्नुपर्छ भन्ने थाहा छ तर जीवनशैली परिवर्तन गर्नलाई अप्ठ्यारो छ र त्यसका लागि चाहिँ एकदमै शान्त वातावरणमा मान्छेले कसरि जीवनशैली व्यवथापन गर्ने भन्ने जस्ता कुराहरू चाहिँ सिक्नुपर्ने हुन्छ। अहिलेको जीवनशैली व्यवस्थापन भनेको डर मा आधारित छ र तिमीले यो यो जीवनशैली परिवर्तन गरेनौ भने यो यो रोग लागेर मर्न सक्छौँ भन्ने डरले चाहिँ जीवनशैली व्यवस्थापन पूरै दीर्घकालीन रुपमा व्यवस्थित हुँदैन भन्ने छ। योगले खुसीमा आधारित जीवनशैली परिवर्तन सिकाउँछ जसले गर्दा चाहिँ यो दीर्घकालीन रुपमा फाइदाजनक छ भनेर प्रमाणित भएको अवस्था छ। त्यसैले पछिल्लो समयमा आफ्नो जीवनशैलीलाई रूपान्तरण गर्नका लागि योगको भूमिकालाई लिएर विभिन्न योग रिट्रीट केन्द्र तथा आश्रममा आउने चलन छ। योगले रोगरोधक, स्वास्थ्यप्रवर्द्धक, उपचारात्मक, पुनःस्थापनात्मक चारै पक्षमा कार्य गर्छ। नेपाल आरोग्य पर्यटनको हब बन्ने सम्भावना उच्च छ।

नेपालको भौगोलिक विविधताअन्तर्गत तराईको न्यानो फाँटदेखि मध्य पहाडको समशितोष्ण र हिमाली भेगको स्वच्छ शीतल वातावरण योग साधनाका लागि बरदान सावित छन्। विश्वव्यापी आरोग्य पर्यटनको रङ्गमञ्चमा नेपालले योगलाई आफ्नो मुख्य पहिचानअर्थात् ब्रान्डका रूपमा स्थापित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ। वर्षको बाह्रै महिना ऋतुअनुसारका फरक–फरक प्राकृतिक परिवेशमा योग रिट्रिटहरू सञ्चालन गर्न सकिने अनुपम पर्यावरणीय धरातल नेपालसँग सुरक्षित छ।

**३. उच्चस्तरको साधना**

हिमालयको काखमा बसेर गरिने योग र ध्यानलाई विश्वका धेरै साधकहरूले एउटा विशेष अवसर र सौभाग्यका रूपमा लिने गरेका छन्। नेपाल बुद्ध र विभिन्न ऋषिमुनिहरूको साधना गर्ने स्थल भएकाले यहाँको वातावरणमा नै बेग्लै प्रकारको आध्यात्मिक ऊर्जा पाइन्छ। यसले गर्दा आरोग्यताका लागि यात्रा गर्ने विदेशी पर्यटकहरू यहाँ निकै आकर्षित हुने गरेका छन्। लुम्बिनी, पोखरा, काठमाडौँका उच्च स्थान र हिमाली भेगमा विशेष योग रिट्रीट तथा आरोग्य केन्द्रहरू निर्माण गर्न सकेमा नेपालमा उच्चस्तरका धेरै पर्यटक ल्याउन सकिने प्रशस्त आधारहरू छन्।

**४. प्राकृतिक र वैकल्पिक उपचार सँगको संयोजन**

आरोग्य पर्यटनभित्र आयुर्वेद, प्राकृतिक चिकित्सा र स्पा थेरापीहरू पर्दछन्। योग यी सबै विधाको परिपूरक हो। उदाहरणका लागि, आयुर्वेदको डिटक्स (पञ्चकर्म) गरिरहेको व्यक्तिलाई शरीर हलुका बनाउन र ऊर्जा प्रवाह राम्रो गर्न योग आसनहरू गराइन्छ। यसले गर्दा आरोग्य पर्यटनका प्याकेजहरू अझ बढी प्रभावकारी बन्छन्।

**५. दीर्घकालीन र गुणस्तरीय पर्यटनको प्रवर्द्धन**

आरोग्य पर्यटनको एक महत्वपूर्ण अवयवका रूपमा योगले पर्यटन क्षेत्रको आर्थिक सबलीकरणमा विशेष योगदान दिइरहेको पाइन्छ। सामान्यतः अन्य पर्यटकहरू तीनदेखि पाँच दिनसम्म मात्र भुल्ने गरे तापनि योग र आरोग्यताका अभ्यासीहरू प्रायः एक हप्तादेखि एक महिना वा सोभन्दा लामो अवधिसम्म बस्ने गर्छन्। आफ्नो स्वास्थ्य र खानपानप्रति सचेत रहने यस्ता पर्यटकस्तरीय सेवाका लागि बढी खर्च गर्न इच्छुक हुने हुँदा यसबाट पर्यटन उद्योगले उल्लेख्य लाभ लिन सक्छ। योगका लागि शान्त र नैसर्गिक वातावरण अपरिहार्य हुने भएकाले यस्ता केन्द्रहरू सहरभन्दा टाढा ग्रामीण वा जङ्गलको निकट क्षेत्रमा स्थापना हुन्छन्। यसबाट पर्यटकीय लाभ स्थानीय स्तरसम्म पुगी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सृजना हुन्छन्। सरकारले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने १०० बुँदे कार्ययोजनामा 'योग, ध्यान, आयुर्वेद' ब्रान्ड बनाऊने घोषणा गरेको छ, नेपाल आरोग्य वर्ष २०२७ ले यो ब्रान्ड बनाउँदैछ। योग आरोग्य पर्यटनको मूलमन्त्र हो। प्रशस्त सम्भावनाहरूका बाबजुद आरोग्य पर्यटनको रङ्गमञ्चमा योगको भूमिकालाई संस्थागत र सुव्यवस्थित तुल्याउन केही चुनौती तथा अवरोधहरू विद्यमान देखिन्छन् :

**अन्तरराष्ट्रिय प्रमाणीकरण र ब्रान्डिङको चुनौती**

नेपालमा योग प्रशिक्षणका अनेकौँ केन्द्रहरू सञ्चालित भए तापनि तिनलाई वैश्विक मापदण्डअनुरूपको 'वेलनेस रिसोर्ट' वा प्राज्ञिक एकेडेमीको रूपमा चिनाउन सकिएको छैन।

**२. विशिष्टीकृत वैज्ञानिक पाठ्यक्रमको अभाव**

परम्परागत आसन र अभ्यासमा मात्र सीमित नभई विदेशी साधकहरूको शारीरिक तथा मानसिक अभिलाषा (जस्तैः एन्टि–एजिङ, शोधन प्रक्रिया वा उपचारात्मक योग) लाई सम्बोधन गर्ने वैज्ञानिक प्याकेजहरूको कमी महसुस गरिएको छ।

**पूर्वाधार विकास र सहज पहुँचः** योग साधनाका लागि उपयुक्त एकान्त र शान्त गन्तव्यहरूसम्म पुग्ने यातायात सञ्जाल भरपर्दो नहुँदा उच्चस्तरका अन्तरराष्ट्रिय पर्यटकहरू यस्तो सेवा लिन सङ्कोच मान्ने परिस्थिति छ। विश्व परिवेशमा आरोग्य पर्यटन केवल सौखिन विलासिता मात्र नभई दैहिक एवं मानसिक सन्तुलन कायम राख्ने अपरिहार्य आवश्यकताका रूपमा उदय भएको छ। यस सन्दर्भमा, यस मानवीय अभिलाषालाई सम्बोधन गर्ने सर्वोत्कृष्ट एवं वैज्ञानिक कडीका रूपमा योगको भूमिका अद्वितीय देखिन्छ।

आरोग्य पर्यटनको यस बृहत्तर रङ्गमञ्चमा योगलाई आधारभूत स्तम्भका रूपमा प्रतिष्ठित गर्न नेपालले 'हिमालयन वेलनेस' को नवीन अवधारणालाई आत्मसाथ गर्नु श्रेयस्कर देखिन्छ। राज्यको नीतिगत तहबाटै योग पर्यटनलाई उच्च प्राथमिकतामा राख्ने, वैश्विक मापदण्डका वेलनेस रिसोर्टहरूलाई प्रवर्द्धन गर्ने र आधुनिक चिकित्सा प्रणालीसँग योग विज्ञानको तादात्म्य मिलाउँदै एकीकृत चिकित्सा पद्धतिको मार्ग प्रशस्त गर्नसकेमा यसले राष्ट्रिय अर्थतन्त्र र जनस्वास्थ्यको क्षेत्रमा युगान्तकारी रूपान्तरण सूत्रपात गर्न सक्ने प्रवल आधारहरू सुनिश्चित गर्दछ। (लेखक योग विशेषज्ञ हुनुहुन्छ)

### संविधान अपुरो ...

आवश्यकता संविधानलाई संशोधन गरी, संविधानलाई परिमार्जन गरी संविधानमा रहेका विकृति र विसंगतिलाई हटाएर संविधानलाई समृद्ध बनाउनुपर्ने ऐतिहासिक जिम्मेवारी पनि यहाँहरुमाथि आइपुगेको छ।'

उनले मुलुकलाई समृद्धिको दिशामा लैजान सफलता मिलोस् भन्दै रास्वपा परिवारलाई शुभकामना दिए।

### क्षतिपूर्तिको माग...

खुलाउन इलाका प्रहरी कार्यालय लहानबाट प्रहरी टोली परिचालन गरिएको जानकारी दिए।

उनका अनुसार पीडित पक्षसँग समन्वय र वार्ता भइरहेको छ भने फरार मोटरसाइकल चालकको खोजी कार्यसमेत भइरहेको छ। राजमार्ग अवरुद्ध भएपछि पूर्वपश्चिम राजमार्गको दुवैतर्फ लामो सवारी जाम लागेको छ। घटनास्थलमा प्रहरी र स्थानीयबीच वार्ता जारी रहेको तथा सडक सञ्चालन गराउने प्रयास भइरहेको प्रहरीले जनाएको छ। स्थानीयले बजार क्षेत्रमा सीसीटीभी जडान गर्न समेत माग गरेका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# आँप महोत्सव सम्पन्न : मुख्यमन्त्रीको प्रतिबद्धताले हौसिए किसान



महोत्तरी, ७ असार। किसानलाई प्रोत्साहन गर्दै आँपखेतीको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित तीनदिने आँप मेला महोत्सव सम्पन्न भएको छ। शुक्रबारदेखि सुरु भएको महोत्सवमा महोत्तरीसहित धनुषाका आँप उत्पादक किसानको सहभागिता थियो। धनुषाको बटेश्वर गाउँपालिका–१ चित्रपुरमा आयोजित तेस्रो महोत्सवमा मधेस प्रदेश सरकारका प्रतिनिधि तथा प्रदेशका व्यापारीद्वारा अवलोकन गरिनुका साथै दुवै जिल्लाका होटल तथा पर्यटन व्यवसायी, सामाजिक संघसंस्थाका प्रतिनिधिले अवलोकन गरेका छन्। महोत्सवमा सहभागी किसानले आगामी दिनमा यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्नेमा जोड दिँदै आफ्नो उत्पादनले उपयुक्त बजार पाउने विश्वास व्यक्त गरेका हुन्।

महोत्सवस्थल महोत्तरीको भङ्गाहा र बर्दिबास नगरक्षेत्रका बस्तीसँगै जोडिएकाले यस क्षेत्रका किसानको उल्लेख्य सहभागिता थियो। "स्थानीयस्तरमा आयोजित मेलामा हामी सहभागी भयौँ", बर्दिबास नगरपालिका–६ चौलिखाका पर्शुराम ठाकुरले भने, "यसपालि महोत्सवमा प्रदेश सरकारले पनि चासो दिएको छ। अब किसानले केही सुविधा पाउँछन् कि भन्ने आश जागेको छ।" महोत्सवमा आएका टाढाटाढाका व्यापारीले आँप खरिदको चासो बढाएका ठाकुरको भनाइ छ। यसले स्थानीय उत्पादनले परसम्मको बजार पाउने आशा जागेको उनले बताए।

महोत्सवमा आफ्नो कक्षबाट १०० क्विन्टल हाराहारी आँप बिक्री भएको चित्रपुरका आँप व्यापारी रामबहादुर महतोले जानकारी दिए। "मेरो आफ्नो बगैँचा त छैन, तर यही ओरीपरी ५० बिघा बढी क्षेत्रफलको बगैंचा यसपालि ठेक्कामा लिएको छु", उनले भने, "आँप बेच्न टाढाटाढाका सहर पुग्दै आएको छु, यसपालि भने बाहिरका व्यापारीले यहीँ आएर आँप लाने कुरा गरेका छन्।" महोत्सवमा झापा पारी भारतसम्मका व्यापारी आएका उनको भनाइ छ।

महोत्तरीका बर्दिबास र भङ्गाहाका साथै धनुषाका मिथिला नगरपालिका र बटेश्वर गाउँपालिका आँप उत्पादनका लागि उर्वर ठाउँ मानिन्छ। यी चारै स्थानीयतहका किसानलाई केन्द्रित गरी महोत्सव आयोजना भएको थियो। महोत्सवमा आँपको प्रदर्शनी, बिक्री र व्यापारिक सम्पर्क विस्तार भएको सहभागी किसान बताउँछन्। यसैबिच मधेस प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादव, मन्त्रीहरू, प्रदेशसभाका सदस्यहरू, विभिन्न स्थानीय तहका जनप्रतिनिधिको सहभागिता र सहयोगको प्रतिबद्धताले किसानलाई हौसला दिएको महोत्सव आयोजक संस्था चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभका अध्यक्ष प्रदीप महतोले बताए।

"यसपालि महोत्सवको उद्राटन गर्न मुख्यमन्त्री आउनुभयो, हामीलाई आँपको प्रशोधन, बजारीकरण र भण्डारणका लागि चिस्यानघरसम्मका विषयमा सरकारको सहयोग हुने बताए। यसले हामीमा नयाँ आशा जगाएको छ", उहाँले भन्नुभयो, "राज्यको सहयोग पाए किसानले बगैँचाखेतीबाट मनग्य आम्दानी गर्न सक्छन्।" मुख्यमन्त्रीसँगै प्रदेशका मन्त्रीहरू, प्रदेशसभा सदस्य र स्थानीयतहका प्रतिनिधिको उत्साहजनक सहभागिताले आगामी दिनमा किसानले सुविधा पाउने विश्वास जागेको उनको भनाइ छ। महोत्सवस्थल चित्रपुरमा मात्रै करिब एक हजार बिघामा आँप बगैँचा छ। बटेश्वर गाउँपालिका क्षेत्रमा बगैँचाको क्षेत्रफल करिब दुई हजार बिघा रहेको अध्यक्ष महतोले जानकारी दिए। यसैगरी छिमेकका बर्दिबास, भङ्गाहा र मिथिला नगरपालिका क्षेत्र सघन आँपखेतीका लागि उपयुक्त क्षेत्र भएकाले यो क्षेत्रफल करिब पाँच हजार बिघा रहेको उनले बताए।

यी स्थानीयतह बस्तीमा आँप पाक्ने मौसम जेठ तेस्रो साताको प्रारम्भसँगै सुरु भएर भदौ अन्त्यसम्म रहने किसान बताउँछन्। "यता सबैभन्दा चाँडो पाक्ने आँप बम्बै जेठमध्यतिर सुरु हुन्छ। अनि असार तेस्रो सातासम्म दशहरी, मालदहको मौसम हुन्छ। त्यसपछि आम्रपाली, मल्लिका, अभैया, कलकतिया, स्वर्णरेखा, गुलावखास, मिसरिया, डोल्मा, केरवा, लालमोहन र लरुवा जातका आँपको सघन मौसम सुरु हुन्छ", महोत्सवका सहभागी भङ्गाहा–४ का किसान हरिदेव साहले भने।

उत्पादनले बजार पाउनु मुख्य पक्ष रहेको बताउँदै उनले यसै क्षेत्रमा आँप प्रशोधन र भण्डारणका लागि चिस्यान घर हुनसके यहाँका किसानले वर्षभरि आँपको बजार जमाइ राख्नसक्ने उल्लेख गरे। प्रदेशका मुख्यमन्त्रीले आँप प्रशोधन गरेर विभिन्न परिकार बनाउने उद्योग र चिस्यान घर बनाउनेबारे जनाउनुभएको प्रतिबद्धताले अब आँपखेतीमा राम्रो सम्भावनाको क्षेत्र बन्ने साहसहित किसान बताउँछन्। आँप महोत्सवको मुख्य पक्ष बजार प्रवर्द्धन र विस्तार भएपनि आफ्नो ठाउँको उत्पादन विशिष्ट स्वादको रहेको भन्ने उपभोक्तालाई चिनाउनु पनि मुख्य एजेण्डा रहेको आयोजक संस्थाका फुलगेन मगहीले बताए। "हामीले महोत्सवमा सहभागी उपभोक्तालाई थरिथरिका आँप चखाएका छौँ। सबैले यहाँको आँपको स्वादको सराहना गरेका छन", उनले भने, "यो पनि महोत्सवको सफलता हो।"

मगहीले भनेजस्तै महोत्सवमा सहभागी भएका भङ्गाहा–९ भीमगढका श्यामसिंह थारुले यस भेगका आँप मौलिक स्वादका रहेका बताए। महोत्सवमा ५० लाख बढीको कारोबार भएको आयोजकले जनाएको छ। पाकेका तथा काँचा आँप र थरिथरिका अचारका परिकार प्रदर्शनी र बिक्रीका लागि राखिएका थिए। तीनदिने महोत्सवमा १० हजार बढीले अवलोकन गरेका आयोजकले जनाएको छ। आँप उत्पादनको पकेटक्षेत्र भएकाले यहाँको उत्पादनबारे राज्यका विभिन्न निकायको ध्यानाकर्षण गराउन र आमचासो जगाउन महोत्सव आयोजना गरिएको भन्दै यसको उद्देश्यमा सफल भएको अध्यक्ष महतोले बताए। चित्रपुरमा वि.सं. २०८१ देखि प्रत्येक वर्ष असारमा महोत्सव आयोजना हुँदै आएको छ।

यो महोत्सव परम्पराले आँपसँगै जोडेर आफ्नो ठाउँको परिचय विस्तार भएको आयोजकले बताएको छ। पहिलो वर्ष एक दिन, गत वर्ष दुई दिन आयोजना भएको महोत्सव यसपालि तीन दिनसम्म भएको आयोजक संस्थाका अध्यक्ष महतोले जानकारी दिए। संस्थाको नाम अंग्रेजीमा हुनुका सन्दर्भमा मौसममा नेपाल भ्रमणमा आउने पर्यटकलाई लक्षित गरी 'चित्रपुर म्याङ्गो एग्रो टुरिज्म इनिसिएटिभ' राखिएको बताए। "हामी वास्तवमै यो ठाउँलाई आँप पर्यटनस्थलका रूपमा विकास गर्न खोजेका छौँ", उनले भने, "यसका लागि राज्यका सरोकार भएका निकायको सहयोगको अपेक्षा गरेका छौँ।"

मेलामा महोत्तरी र धनुषाका विभिन्न भेगका विद्यालयका शिक्षक तथा विद्यार्थीहरूले विभिन्न जातका आँपको मेला र बगैँचा अवलोकन गरेका छन्। यसैगरी दुवै जिल्लाका सर्वसाधारणको पनि उल्लेख्य उपस्थिति देखिएको थियो। महोत्सवमार्फत किसानलाई उत्साहित बनाउँदै खेती विस्तारमा पहल गर्नु रहेको बटेश्वर–१ का वडाध्यक्ष अशोककुमार महतोले बताए। महोत्सवबाट यहाँ उत्पादित आँपको प्रचारप्रसार हुनुका साथै खेती प्रवर्द्धनमा सहयोग पुगेको उनले विश्वास व्यक्त गरे।

# अन्तर्राष्ट्रिय रङ्‌गशाला शिलान्यास यसै वर्ष




जनकपुरधाम, ७ असार। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जनकपुरधामस्थित रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशालाको शिलान्यास यसै वर्ष गरिने बताउनुभएको छ। शनिबार जनकपुरधाममा मधेश प्रदेश खेलकुद परिषद्ले 'खेली मधेश, जिती मधेश' भन्ने मूल नारासहित सुरु गरेको नेकोस कप महिला टी–२० क्रिकेट प्रतियोगिताको उद्राटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले यस्तो बताउनुभएको हो। उहाँले खेलकुदको व्यावसायीकरण आवश्यक रहेको उल्लेख गर्दै खेलाडी र राज्यबिचको सम्बन्धलाई अझ सुदृढ बनाउन प्रदेश सरकारले विभिन्न योजना अघि बढाएको जानकारीसमेत दिनुभयो। उहाँले खेलकुदलाई राज्य निर्माण र युवालाई सकारात्मक दिशामा परिचालन गर्ने महह्ववपूर्ण माध्यमका रूपमा विकास गर्नुपर्ने उल्लेख गर्नुभयो।

मुख्यमन्त्री यादवले रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालाको निर्माण कार्यलाई तीव्रता दिने भन्दै यसै वर्ष २५६ करोडको लागतमा निर्माण हुने गरी शिलान्यास गर्ने बताउनुभयो। उहाँले वीरगन्ज रङ्गशालासहित प्रदेशका आठ वटै जिल्लाका रङ्गशालाको विकास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले मधेशबाट उत्पादन भएका खेलाडीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पहिचान स्थापित गर्न सकून् भन्ने शुभकामना पनि व्यक्त गर्नुभयो। नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशन सिंहले खेलकुदको विकासबारे बोल्ने मात्र नभई काम गरेर देखाउने समय आएको बताउनुभयो। खेलाडीलाई अवसर, पूर्वाधार र आवश्यक सहयोग उपलब्ध गराउन सके मात्र अपेक्षित परिणाम हासिल गर्न सकिने उहाँको भनाइ थियो।

मधेश प्रदेश खेलकुद परिषद्का सदस्यसचिव शिवजी गुप्ताले खेलकुदमार्फत युवालाई राज्यसँग जोड्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताउनुभयो। उहाँले मधेशमा राष्ट्रियस्तरका प्रतियोगिता आयोजना गरेर खेलाडीलाई अवसर प्रदान गर्नुका साथै प्रदेशलाई खेलकुदमय बनाउने अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो।

परिषद्का अनुसार प्रदेश सरकारले खेलाडीलाई प्रोत्साहनस्वरूप मासिक दुई हजार पाँच सय रुपियाँ भत्ता उपलब्ध गराउने तथा दुर्घटना वा चोटपटक लागेमा खेलाडी बिमाको व्यवस्था गर्ने योजना पनि अघि बढाएको छ। रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रङ्गशाला निर्माण हुने स्थलमा खेलाडीलाई रोजगारी र राज्यसँग जोड्ने उद्देश्यसहित प्रतियोगिता आयोजना गरिएको परिषद्ले जनाएको छ। असार ६ गतेदेखि १४ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन खेलमा मधेश प्रदेश र कोशी प्रदेशबिच प्रतिस्पर्धा भएको छ। प्रतियोगितामा सातै प्रदेश तथा सशस्त्र प्रहरी बल नेपालको टोलीको सहभागिता रहेको छ।



धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

# आँपको मूल्य निर्धारण नहुँदा किसान समस्यामा



**जीवछ यादव**

लहान, ७ असार। आँपको राजधानी मानिएको लहानमा लाग्ने आँप बजार व्यस्थित नरहेको समस्या त छ नै। बजार पूर्ण रूपमा विचौलियाहरूको नियनत्रणमा हुनु र मूल्य निर्धारण नहुँदा किसानहरू समस्यामा छन्। लहान नगरपालिकादेखि १५ किलोमिटर बरियारपट्टी गाउँपालिकाबाट आँप बिक्री गर्न आउनुभएको कृषक योगेन्द्र यादव भन्नुहुन्छ, 'यत्रो टाढाबाट गाडी भाडा गरेर आँप बिक्री गर्न आए। हामीबाट ३० रुपियाँ किलो आँप लिएर हाम्रै गाडि ६० रुपियाँ किलो व्यापारीहरूले बिक्री गरिरहेको छ।'

भगवानपुर गाउँपालिकाबाट आँप बिक्री गर्न आएका मनोज साहको पनि पीडा योगेन्द्र यादवकै पीडा छ। आँप उत्पादनमा लगाएको लगानी अनुसारको आम्दानी नहुनुले किसान निराश भएको उहाँले सुनाउनुभयो। सिराहा सप्तरीको आँप बिक्री केन्द्र रहेको लहानमा आँप बिक्री गर्ने बजार व्यस्थित नहुनु, शित भण्डार नहुनु, मूल्य निर्धारण नगर्नुजस्ता समस्या किसानले निकै वर्षदेखि भोगिरहेको कृषि सहकारी सिराहाका अध्यक्ष मागैन कामैतले सुनाउनुभयो। उहाँ भन्नुहुन्छ, "असार महिना खेतिपातीको समय आयो। किसानले आफ्नो बगैँचाबाट टिपेर ल्याएको आँपको उचित मूल्य कहिले पनि पाउन सकेको छैन।"

लहान नगरपालिका कृषि शाखा वा सरोकारवाला निकायहरूले किसानलाई उत्साहित बनाउने पर्नेमा स्थानीयको जोड छ। लहान नगरपालिका कृषि शाखाका प्रमुख प्रकाश हलुवाइले यसपटक आँपको ब्रान्डिङ गर्ने बजेट नरहेकोले लहानको आँप ब्रन्डिङ गर्न नसेको बताउनुभयो।

व्यस्थित हाटबजार कृषि शाखाले गर्ने कुरा नै नभएको उहाँले प्रष्ट पार्नुभयो। सिराहामा गोलबजार लहान र मिर्चैयामा आँपको मूल्य फरक फरक हुनु किसानले आँपको उचित मूल्य नपाउनु र विचौलियाको पूर्ण नियन्त्रण रहेको कृषि हाट बजारको व्यवस्थापनमा स्थानीय सरकार चुकिरहेको अर्का कृषक भोरिल यादवले पीडा सुनाउनुभयो।

सिराहामा गतवर्ष ५९ हजार ८८६ मेट्रिक टन आँप उत्पादन भएको थियो। यस वर्ष बढनु पर्नेमा आँपमा लाग्ने मधुवा रोग प्रकोप रोक्न नसक्दा विगत वर्षकै हाराहारीमा आँप उत्पादन हुने अनुमान रहेको कृषि ज्ञान केन्द्र सिराहाका सूचना अधिकारी सुदिप खनालले बताउनुभयो।

# सप्तरीका कृषक माटोको स्वास्थ्य जोगाउन प्राङ्गारिक मलतर्फ आकर्षित



**धीरेन्द्रप्रसाद साह**

राजविराज, ७ असार। सप्तरीका कृषकमा माटोको स्वास्थ्य सुधार तथा संरक्षणका लागि प्राङ्गारिक (अर्गानिक) मलप्रतिको आकर्षण बढ्दै गएको छ। खेतीयोग्य जमिनको उत्पादकत्व कायम राख्ने उद्देश्यले कृषि ज्ञान केन्द्र सप्तरीद्वारा सञ्चालित 'अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम' अन्तर्गत हालसम्म नौ हजार बोरा मल वितरण भइसकेको छ।

कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख रोशनकुमार मेहताका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्लाभर कुल ११ हजार ४७० बोरा अर्थात् २८६ दशमलव ७५ मेट्रिक टन प्राङ्गारिक मल वितरण गर्ने लक्ष्य राखिएको छ। जसमध्ये हालसम्म करिब २२५ मेट्रिक टन (नौ हजार बोरा) मल कृषकहरूले बुझिसकेका छन्।

जिल्लाको अधिकांश खेतीयोग्य जमिनको माटो अम्लीय बन्दै गएको र माटोमा प्राङ्गारिक पदार्थको मात्रा न्यून रहेकाले यो कार्यक्रम ल्याइएको प्रमुख मेहताले बताउनुभयो। उहाँका अनुसार स्वस्थ र उर्वर माटोका लागि कम्तीमा चारदेखि पाँच प्रतिशत प्राङ्गारिक पदार्थ आवश्यक पर्ने भए पनि हाल सप्तरीको माटोमा यो मात्रा केवल एकदेखि २ दशमलव ५ प्रतिशत मात्र छ। "माटोको गुणस्तर घट्दै जाँदा उत्पादनमा समेत ह्रास आउन थालेको छ। त्यसैले माटोमा प्राङ्गारिक पदार्थको मात्रा बढाई दीर्घकालीन रूपमा कृषि उत्पादन वृद्धि गर्ने हाम्रो लक्ष्य हो," उहाँले भन्नुभयो।

वितरण गरिएको प्राङ्गारिक मलमा करिब २० प्रतिशत प्राङ्गारिक पदार्थ रहेको छ। यसमा नाइट्रोजन, फस्फोरस र पोटासियमजस्ता मुख्य पोषक तत्वको मात्रा एकदेखि ३ दशमलव ५ प्रतिशत मात्र हुने भएकाले प्राङ्गारिक मलसँगै आवश्यक मात्रामा रासायनिक मलको सन्तुलित प्रयोग गर्न ज्ञान केन्द्रले सुझाएको छ। साथै, माटोको संरचना सुधारका लागि हरियो मलका रूपमा 'ढैँचा' जस्ता बाली उत्पादन गरी माटोमा मिलाउन पनि कृषकहरूलाई परामर्श दिइएको छ।

केन्द्रले ८५ प्रतिशत अनुदान उपलब्ध गराएपछि प्रतिबोरा (२५ केजी)को १४० रुपियाँमा मल पाउन थालेपछि स्थानीय कृषकहरू उत्साहित भएका छन्। स्थानीय कृषक मनोज सिंहले रासायनिक मलको अभाव भइरहेका बेला अनुदानको प्राङ्गारिक मलले राहत दिएको बताउनुभयो। अर्का कृषक तारकेश्वर यादव, देवनारायण यादव र वीरेन्द्र साहले पनि यस वर्ष धान खेतीका लागि ज्ञान केन्द्रबाट प्राङ्गारिक मल खरिद गरी लगेको जानकारी दिनुभयो।

यसैबिच, कृषि ज्ञान केन्द्र राजविराजले उक्त कार्यक्रमका लागि चौथोपटक आवेदन आह्वान गरेको छ। पर्याप्त आवेदन प्राप्त नभएसम्म वा मौज्दात मल रहेसम्म 'पहिलो आउनेलाई पहिलो प्राथमिकता' का आधारमा मल वितरण गरिने केन्द्रले जनाएको छ। यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था, निजी कृषि फर्म तथा कृषि उद्यमीहरूले आवश्यक कागजातसहित कृषि ज्ञान केन्द्रमा आवेदन दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको छ।

# चुरे क्षेत्रमा वर्षाको असर : राजमार्ग अवरुद्ध

**रवीन्द्र उप्रेती**

बर्दिबास, ७ असार। शनिबार राति चुरे क्षेत्रमा परेको वर्षाले उत्तरी भेगको जनजीवन प्रभावित भएको छ। वर्षासँगै आएको बाढी र हावाहुरीले राजमार्गदेखि ग्रामीण सडकसम्म क्षति गरेको छ। केही स्थानमा घरका छाना उडाउनुका साथै बालीनालीमा क्षति पुगेको छ। प्रहरीका अनुसार महेन्द्र राजमार्ग अन्तर्गत बर्दीबास–५ स्थित जङ्गली क्षेत्रमा निर्माणाधीन बेलगाछी पुलको डाइभर्सन बाढीले बगाएपछि शनिबार राति करिब तीन घण्टा सवारी आवागमन अवरुद्ध भएको थियो।

मध्यरातमा आएको बाढीले डाइभर्सनमा जडान गरिएका चार वटा ह्युमपाइप माथिको माटो बगाउँदा सयौं सवारी साधन जाममा परेका थिए। बर्दीबासस्थित इलाका प्रहरी कार्यालयका डिएसपी गुरुप्रसाद तिमिल्सिनाका अनुसार तत्काल खोलाको बहाव कम हुने सम्भावना नदेखिएपछि सिरहा र सर्लाहीबाट आउने केही सवारी साधनलाई वैकल्पिक मार्गतर्फ डाइभर्ट गरिएको थियो।

लामो दूरीका सार्वजनिक सवारी साधनसमेत जाममा परेपछि यात्रुहरूले सास्तीमा परेका थिए। राजमार्गको गौशाला रोडस्थित प्रहरी चौकीका असइ सुधिर सिंहका अनुसार काकडभिट्टाबाट काठमाडौँतर्फ जाँदैगरेको यात्रुबाहक बस बाढीले डुबाएको डाइभर्सनमा फसेपछि आवागमन थप प्रभावित हुनुका साथै उद्धारसमेत कठिन बनेको थियो। रातभर प्रहरी, सशस्त्र प्रहरी र ट्राफिक प्रहरीको संयुक्त प्रयासमा उद्धार तथा व्यवस्थापन कार्य सञ्चालन गरे पनि चुरे क्षेत्रमा वर्षा रोकिँदै जाँदा बाढीको बहाव कम भएपछि राति करिब साढे २ बजे सडक सञ्चालनमा ल्याइएको थियो।

आइतबार बिहानसम्म खोलाको बहाव सामान्य भए पनि डाइभर्सन क्षेत्रमा हिलो र पानी जमेकाले पूर्व–पश्चिमतर्फका सवारी साधनलाई आलोपालो रूपमा सञ्चालन गरिएको असई सिंहले जानकारी दिनुभयो। अर्कोतर्फ शनिबार रातिको वर्षापछि उत्तरी भेगका सिरखोला, गढन्ता, ढुङ्ग्रे, खयरमारा र मडहा लगायतका खोलामा आएको बाढीले चुरे क्षेत्रका करिब ८ सय परिवार प्रभावित भएका छन्। बाढीका कारण मेलापात, पठनपाठन तथा स्वास्थ्य सेवा समेत प्रभावित भएको बर्दीबास–४ का वडाध्यक्ष काहारमान स्याङवाले बताउनुभयो।

उहाँका अनुसार गाउँबस्ती र सेवा प्रदायक निकायबिच खोलाहरू पर्ने भएकाले बाढी नघटेसम्म स्थानीयवासीले वडा कार्यालय, विद्यालय र स्वास्थ्य चौकीसम्म पुग्न कठिनाइ भोग्नुपरेको छ। यता, बिपी राजमार्ग अन्तर्गत बर्दीबास–३, पाटु क्षेत्रमा वर्षासँगै आएको हावाहुरीले सामुदायिक भवनको जस्तापाता उडाएको छ। साथै हुर्कँदै गरेको मकैबाली ढलेपछि किसानहरूलाई लाखौं रुपियाँ बराबरको क्षति पुगेको पीडित किसान रमेश खत्रीले बताउनुभयो।

चुरे क्षेत्रमा थप वर्षा हुन सक्ने सम्भावना रहेकाले सतर्कता अपनाउन तथा नदी–खोलाको आसपासका बासिन्दालाई विशेष सावधानी अपनाउन नगरपालिकाले आग्रह गरेको छ।







मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)